"सूचनाको हक सम्बन्धि ऐन, २०६४" को दफा ५ को उपदफा (३) ख (४) र दफा ६ ले निर्देश गरेअनुरुप सार्वजनिक गरिएको विवरण

सुचना सार्वजनिक गर्ने निकायको नामः कृषि ज्ञान केन्द्र, कास्की

सूचना प्रकाशन गरेको अबधिः २०७९/१०/०१ देखि २०७९/१२/३० सम्म

१. निकायको स्वरुप र प्रकृतिः

देशमा संघिय व्यवस्था लागु भईसकेपछि प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतमा कास्की जिल्ला कार्यक्षेत्र रहने गरी कृषि ज्ञान केन्द्र, कास्कीको स्थापना भएको हो। आ २०७७/७८ .व.को कार्तिक महिना सम्म कृषि ज्ञान केन्द्र, स्याङ्जाको सम्पर्क कार्यालयको रुपमा रही सम्पर्क कार्यालय मार्फत मसला लगायत ,तरकारी ,कार्यक्रम संचालन सहजिकरणका भइरहेको अवस्था थियो। कास्की जिल्लामा खाध्यान्न अन्य बालीहरुको प्रचुर सम्भावना रहेको र जिल्लामा आर्थिक अधिकार सहितको कार्यालय स्थापना हुन कृषकहरुको माग अनुसार प्रदेश सरकार साल कार्तिक २७ मन्त्रीपरिषद्को मिति २०७७ ,गण्डकी प्रदेश , गते विधिवत फाल्गुण महिना १० कास्की स्थापना भई मिति २०७७ ,गतेको निर्णय अनुसार कृषि ज्ञान केन्द्र रुपमा समुद्घाटन भएको हो। कास्की जिल्लाको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई समय सापेक्ष नयाँ प्रविधिको माध्यमबाट आधुनिकिकरण र व्यवसायीकरण गरी समग्र जिल्लावासीको जीवस्तरमा सुधार ल्याउनु यस कार्यालयको मुख्य जिम्मेवारी रहेको छ । स्थापनाकाल देखि नै कार्यालय मार्फत मुख्यतया कृषि प्रविधि प्रसार तथा अनुदान प्रोत्साहनका कार्यक्रमहरु अन्तर्गत प्रविधि हस्तान्तरणका कार्यक्रमहरु संचालन भइरहेका छन्।

२. निकायको काम, कर्तव्य र अधिकारः

यस कार्यालय मार्फत चालु आ.व. मा संचालन हुनेगरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय/ कृषि विकास निर्देशनालयबाट विभिन्न कार्यक्रमको अख्तियारी प्रवाह भएको छ। बजेटमा समेटिएका कार्यक्रम तथा बजेटमा नतोकिएका अन्य नियमित कार्यक्रमहरु समेत सम्बन्धित मापदण्ड र प्रचलित कानुनको अधिनमा रही संचालन गर्नुपर्ने हुन्छ।

प्रमुख
अधिकृत स्तर नवौं

३. निकाय रहने कर्मचारी संख्याः

कृषि ज्ञान केन्द्र ,कास्कीको कर्मचारी दरबन्दी र पदपुर्ती विवरण यस प्रकार रहेको छ।

CamScanner

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, कास्की
पोखरा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | बागवानी विकास अधिकृत | अधिकृत सातौं | कृषि | १ | १ | | | |
| ४ | कृषि अर्थ विज्ञ | अधिकृत सातौं | कृषि | १ | १ | | ० | |
| ५ | प्राविधिक सहायक/अधिकृत | पाँचौं/छैठौं | कृषि | ४ | २ | २ | १ | |
| ६ | सहायक/अधिकृत | पाँचौं | प्रशासन | १ | १ | ० | ० | |
| ७ | सहायक/सहलेखापाल | चौथो/पाँचौं | प्रशासन | १ | १ | ० | ० | |
| ८ | ह.स.चा. | श्रेणी विहिन | प्रशासन | १ | ० | १ | १ | |
| ९ | कार्यालय सहयोगी | पाँचौं | प्रशासन | १ | १ | ० | ० | |
| | | | | | | | | |
| १० | कृषि स्नातक | अधिकृत सातौं | कृषि | | | | १ | |
| ११ | सब इन्जिनियर | | इन्जिनियरिङ्ग | | | | १ | |
| १२ | अन्य (सरसफाई) | श्रेणी विहिन | प्रशासन | | | | १ | |
| जम्मा | | | | १२ | ९ | ३ | ६ | |

४. निकायबाट प्रदान गरिने सेवाः

| शाखाको नाम | सेवा तथा कार्य जिम्मेवारीहरुः |
|---|---|
| बागवानी विकास शाखा | • तरकारी, फलफुल, मसला, नगदे बालीको बालीको उत्पादन, उत्पादकत्व र व्यवसायिकता प्रवर्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने।<br>• स्थानिय बाली/रैथाने बाली/लोपोन्मुख तथा उपेक्षित बालीको जर्म प्लाजम संकलन गरी Gene bank लाइ उपलब्ध गराउने, Genebank सँग सहकार्य गर्ने।<br>• बिउ बिक्रेताहरुको अनुमति, नवीकरण, अनुगमन, नियमन तथा क्षमता अभिवृद्धि गर्ने ।<br>• तरकारी, फलफूल, मसला र नगदे बाली खेति सम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउने।<br>• फलफूल तथा तरकारीका नर्सरीको स्थापना तथा सुदृढीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरी जिल्लालाई आवश्यक बिरुवा तथा वेर्नाको व्यवसायिक उत्पादन प्रवर्धन सम्बन्धी कार्य गर्ने।<br>• कमाण्ड क्षेत्र भित्र रहेका फलफुल तथा तरकारीको नर्सरीहरुको तालुक निकायको समन्वयमा प्राविधिक अनुगमन गरी प्राविधिक प्रतिवेदनका आधारमा निरोगिताको प्रमाणपत्र उपलब्ध गराउने ।<br>• नेपाल कृषि अनुसन्धान परिषद्को समन्वयमा तरकारी, फलफूल र नगदे बालीका आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन, परिक्षण तथा सिफारीस सम्बन्धी कार्यहरु सञ्चालन गर्ने ।<br>• निरोगिताको प्रमाणपत्र बिना बिउ, बिरुवा, बेर्ना तथा अन्य रोपण सामाग्रीहरुको ओसारपसारमा तालुक निकायसंग समन्वय गरी रोक लगाउने। |
| कृषि प्रसार शाखा | • नेपाल कृषि अनुसन्धान परिषद्को समन्वयमा खाद्यान्न, दलहन र तेलहन बालीका आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन, परिक्षण तथा सिफारिस सम्बन्धि कार्यहरु सञ्चालन गर्ने ।<br>• उपयुक्त प्रसार विधीको प्रयोग गरी सिफारिस भएका उन्नत कृषि प्रविधि कृषक समक्ष पुर्याउने।<br>• स्थानीय निकायमा कार्यरत कृषि प्राविधिकहरुलाई तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रमको संयोजन गर्ने।<br>• व्यवसायीक किसान, उद्यमी तथा कृषि फर्म संचालकको लागि तालिम तथा क्षमता अभिबृद्धि सम्बन्धि कार्यक्रमको संयोजन गर्ने ।<br>• माटो तथा मलखाद व्यवस्थापन सम्बन्धि कार्यहरु सञ्चालन गर्ने, रासायनिक मलको आपूर्ति, भण्डारण र उपयोगको अनुगमन तथा प्रतिवेदन गर्ने।<br>• साना सिंचाई कार्यक्रमको संयोजक भई कार्यक्रम कार्यान्वयन गर्ने, खेतियोग्य जग्गामा सिंचाईको सुविधा पुर्याउन जिल्ला स्थित सिंचाई सम्बन्धि कार्यालयसँग समन्वय गर्ने। |

प्रमुख
... नवौं

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, कास्की

| | |
|---|---|
| | • खाद्यान्न, दलहन र तेलहन बालीको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने।<br>• आर्थिक महत्वका स्थानीय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने।<br>• कृषक वर्गीकरण तथा परिचयपत्र वितरणको लागि स्थानीय सरकारसंग समन्वय तथा सहजीकरण गर्ने । |
| योजना शाखा | • सम्बन्धित स्थानीय तह र कार्यलयको विशेषज्ञ सेवा शाखाको समन्वयमा कृषि ज्ञान केन्द्रको वार्षिक कार्यक्रम तर्जुमा गर्ने।<br>• कृषिको व्यवसायीकरणको लागि आधारभूत कृषि प्रोफाइल तयार पार्न सहयोग गर्ने ।<br>• स्थानीय तहबाट कृषि सम्बन्धी तथ्यांक संकलन गरी जिल्लाको कृषि तथ्यांक अध्यावधिक तथा प्रोफाइल तयार गर्ने ।<br>• अशिना, बाढी, पहिरो जस्ता दैवी प्रकोपको विवरण संकलन गरी तथ्यांक प्रादेशिक तालुक निकायहरुमा पठाउने।<br>• सङ्घीय एवं प्रादेशिक कृषि सम्बन्धी नीति, नियम, नियमावली, निर्देशिका सम्बन्धी त सरोकारवाला निकायहरुलाई सुसूचित गर्ने, गराउने ।<br>• समग्र कृषि विकासको सम्बन्धमा प्रदेश र स्थानीय तह बीच पुलको काम गर्न सम्पर्क व्यक्तिको रुपमा काम गर्ने।<br>• कार्यक्रम कार्यान्वयनको अनुगमन गरी कार्यालयमा प्रतिवेदन पेश गर्ने।<br>• विभिन्न बाली बस्तुको लाभ लागत तथा आर्थिक विश्लेषण सम्बन्धि कार्यहरु सम्पादन गर्ने।<br>• कृषि उपज बजारको अनुगमन गरी कृषि उपजको सहज विक्रिवितरणका लागि आवश्यक कार्यहरु सम्पादन गर्ने।<br>• कृषि उपज बजार पूर्वाधार प्रवर्धन सम्वन्धि कार्य सम्पादन गर्ने।<br>• सहुलियत दरको कृषि ऋण र कृषि विमा प्रवर्धन कार्यको संयोजन गर्ने।<br>• कार्यालयबाट सम्पादन भएका कार्यक्रमको मासिकअर्यवार्षिक र वार्षिक प्रगति विवरण तयार ,चौमासिक , गर्ने। |

**५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारीः**

कृषि ज्ञान केन्द्र, कास्कीको संगठन संरचना यस प्रकार रहेको छः


प्रमुख
अधिकृत स्तर नवौं

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, कास्की

प्रदेश सरकार
गण्डकी प्रदेश

## कृषि ज्ञान केन्द्र, कास्की

## संगठन संरचना




कृषि ज्ञान केन्द्र, कास्कीको संगठन संरचनामा कायम रहे अनुसारका शाखा र सम्बन्धित शाखाका जिम्मेवार अधिकारी यस यस प्रकार रहेका छन्।

| क्र.सं. | शाखाको नाम | जिम्मेवार अधिकारी |
|---|---|---|
| १. | कार्यालय प्रमुखको नाम | श्री शालिकराम अधिकारी |
| २. | विशेषज्ञ शाखा | |
| २.१. | बागवानी विकास शाखा | श्री मञ्जु अधिकारी<br>श्री नविना बराल |
| २.२ | कृषि प्रसार अधिकृत | श्री वीना पराजुली<br>श्री रामकृष्ण अर्याल |
| ३. | योजना शाखा | श्री संजय ढकाल<br>श्री हिन्दी राई |
| ४. | प्रशासन शाखा | श्री सुशिला देवी पोखरेल<br>श्री फूलमाया पाण्डे<br>श्री इन्द्र लामिछाने |
| ५. | अन्य प्राविधिक कर्मचारी | श्री सफल पौडेल (सब-इन्जिनियर) |

प्रमुख
अधिकृत स्तर नवौं

६. **सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः**

कार्यालयबाट प्रदान गरिने सेवा मध्ये बीउ उत्पादक, बिक्रेता, दर्ता तथा नविकरण र विषादी खुद्रा बिक्रेता, दर्ता तथा नविकरणका लागि जनही रु. ४००।– दस्तुर लाग्नेछ भने अन्य नियमित सेवाका लागि कुनै पनि दस्तुर लाग्ने छैन र सेवा तुरुन्त प्रदान गरिनेछ।

७. **निर्णय प्रकृया र अधिकारीः**

कार्यालयबाट संचालित अनुदान कार्यक्रमहरुको सुचना प्रकाशन, फिल्ड अनुगमन, सम्झौता तथा भुक्तानी सार्वजनिक खरिद ऐन, २०६३, नियमावली २०६४ तथा प्रचलित अन्य नियम कानुनको आधारमा रही निर्णय गर्ने गरिएको छ। कार्यालयको आर्थिक व्यवस्थापनका लागि कार्यालय प्रमुखलाई आर्थिक अख्तियारी प्रदान भएको हुन्छ।

सूचना सम्बन्धि प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले अध्ययन गरि सम्बन्धित शाखामा आवश्यक कारवाहीको लागि पठाई शाखा प्रमुखहरुबाट कारवाहीको प्रक्रिया बढाउने गरिन्छ।साथै आवश्यक्त अनुसार स्टाफ बैठक, सम्बन्धित शाखा प्रमुखको राय र टिप्पणी बिधिको प्रक्रिया अपनाइने ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

कार्यालयबाट संचालन भएका विभिन्न कार्यक्रमहरु सम्बन्धि गुनासो संकलन तथा सोको सुनुवाई प्रकृयाका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ। गुनासो सुन्ने अधिकारी संजय ढकालको सिफारिसमा कार्यालय प्रमुखले गुनासोहरुको सुनुवाई तथा व्यवस्थापन गर्नुहुनेछ।

९. **सम्पादन गरेको कामको विवरणः**

कार्यालय मार्फत आ.व. २०७९/८० को प्रथम ३ महिनामा संचालन मुख्य मुख्य आयोजनाहरुको विवरण पेश गरिएको छः

| कार्यक्रमको नाम | बजेट रु (हजारमा) | हालसम्मको प्रगति |
|---|---|---|
| ज्ञान केन्द्र परिसरमा क्यान्टिनका लागि टहरा निर्माण | १००० | सम्पन्न भएको। |
| कार्यालय हाताभित्रको बाटो स्तरोन्नती तथा ढलनिकास | २००० | सम्पन्न भएको। |
| साना सिंचाई कार्यक्रम सञ्चालन (निर्माण तथा मर्मत) | ६००० | फिल्ड अनुगमनको क्रममा रहेको। |
| वार्षिक विकास कार्यक्रम तथा प्रगति पुस्तिका प्रकाशन | ५० | सम्पन्न भएको। |
| कार्यक्रम सार्वजनिकीकरण तथा सार्वजनिक सुनवाई | ५० | कार्यक्रम सार्वजनिकिकरण सम्पन्न भएको। |
| कार्यक्रमको सूचना तथा समसामयिक प्राविधिक सन्देश प्रकासन तथा प्रसारण | १५० | आवश्यकता अनुसार सूचना प्रवाह भइरहेको। |
| विभिन्न कार्यक्रममा छनौट भएका कृषकहरुलाइ | ४०० | छनौट भएका कृषकहरुलाई अभिमुखिकरण गरिदै आएको। |

प्रमुख
अधिकृत स्तर नवौं

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, कास्की

| | | |
|---|---|---|
| अभिमुखिकरण | | |
| विषादीको इजाजतपत्र सम्बन्धी तालिम (६ कार्य दिने) | १५० | सम्पन्न भएको। |
| आई.पी.एम.(IPM) कृषक पाठशाला संचालन | ३०० | संचालन भइरहेको। |
| वाली विशेष स्थलगत तालिम (सेवाटेवा सहित) | ४५० | संचालन भइरहेको। |
| स्थानीय तहका पदाधिकारी/कृषि प्राविधिकसंग समन्वयात्मक बैठक/अन्तरक्रिया | २४० | ३ वटा सम्पन्न भएको |
| आकश्मिक वाली संरक्षण सेवा | १५० | आवश्यकता अनुसार संचालन गर्ने गरी तयारी भइरहेको। |
| क्रप कटिङ्ग तथ्यांक संकलन कार्यक्रम | २२५ | मकै, कोदो, धानको क्रप कटिङ्ग सम्पन्न भएको |
| आलु खेती प्रवर्द्धन विशेष कार्यक्रम | ३००० | सम्पन्न भएको। |
| वालि उपचार शिविर संचालन | १५० | कार्यक्रम संचालनको आवश्यक तयारी भएको। |
| फलफुल नर्सरी तथा स्रोत केन्द्र स्थापना | ५०० | छनौटको अन्तिम चरणमा रेहको। |
| पाक्षिक बजार खुद्रा मुल्य संकलन | ६० | संकलन भइरहेको। |
| विशेष वाली प्रवर्धन कार्यक्रम | २००० | संचालन भइरहेको। |
| जिल्लास्तर कृषि प्राविधिक कार्य समुहको बैठक | १५० | २ वटा सम्पन्न भएको |
| वाली विमाको विमा शुल्कमा अनुदान | ७०० | आवेदन संकलन भइरहेको। |
| वाली संरक्षण सेवा (पि सि आर परिक्षण समेत) | १५० | सम्पन्न भएको। |
| जिल्लास्तर वीउ विजन समन्वय समितिको वैठक | ५० | १ वटा वैठक सम्पन्न भएको। |
| जिल्लास्तर विउविजन उत्पादन प्रविधि सम्वन्धि तालिम | १०० | तालिमको आवश्यक तयारी भइरहेको। |
| विउ उत्पादन कार्यक्रम | १००० | संचालन भेरहेको। |
| विउ उत्पादन, प्रशोधन तथा भण्डारण सम्बन्धि यन्त्र उपकरण सहयोग कार्यक्रम | १००० | छनौटको क्रममा रहेको। |
| क्षेत्रफल विस्तारका आधारमा तरकारी खेति प्रवर्धन | ३०० | छनौटको अन्तिम चरणमा रहेको। |

प्रमुख
अधिकृत स्तर नवौं

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, कास्की

| कार्यक्रम | | |
|---|---|---|
| मसलाबाली विकास कार्यक्रम | ५०० | छनौटको अन्तिम चरणमा रहेको। |
| कार्यालय परिसर भित्र प्रविधि प्रदर्शन तथा व्यवस्थापन | १५० | ड्रागन फ्रुट र मौसमी बेमौसमी तरकारी उत्पादनको प्रविधि प्रदर्शन तथा व्यवस्थापन भइरहेको। |
| कार्यालयको प्रदर्शनी कक्षमा रैथाने बाली, रोगकिरा आदि सम्बन्धि म्यूजियम र पुस्तकालय स्थापना र व्यवस्थापन | १०० | आवश्यक सामाग्रीको व्यवस्था भइ स्थापनाको क्रममा रहेको। |
| प्राङ्गारिक कृषि प्रमाणीकरण कार्यक्रम (पाईलटिङ्गका लागि। | ३५० | अन्नपुर्ण गा.पा.-६, लुम्लेमा पाइलटिङ्गका लागि तयारी भइरहेको। |
| स्थानीय तहहरुमा कृषि शिविर संचालन | २५० | आवश्यकता अनुसार शिविर संचालनको तयारी भइरहेको। |
| सामुदायिक बिउ बैंक संचालनका लागि सहयोग | ४०० | सूचना प्रकाशन भइ आवेदन माग गरिएको। फिल्ड अनुगमनको क्रममा रहेको। |
| विपन्न बस्तीमा मूख्यमन्त्री कार्यक्रम | ४००० | विपन्न बस्ती छनौटका लागि फिल्ड अनुगमन भइरहेको। |
| ग्रामीण पोषण सुरक्षण कार्यक्रम | २५०० | बस्ती छनौटका लागि फिल्ड अनुगमन भइरहेको। |
| समस्या समाधान तथा प्राविधिक पृष्ठपोषणका लागि Technical Group Monitoring | १५० | १ वटा Technical Monitoring सम्पन्न भएको। |
| कृषि उत्पादनको लाभ लागत अध्ययन | ५० | लाभ लागत अध्ययनको तयारी भइरहेको। |
| उन्नत कृषि प्रविधि प्रदर्शन कार्यक्रम | ५०० | मौसमी वेमौसमी तरकारी उत्पादनको लागि प्रविधि प्रदर्शन हुने गरी आवश्यक तयारी भइरहेको। |
| कृषि तथ्याङ्क अध्यावधिक कार्यक्रम | १५० | तथ्याङ्क अध्यावधिकका लागि फिल्ड अनुगमन भइरहेको। |
| बाँझो जग्गामा व्यवसायिक खेति प्रोत्साहन कार्यक्रम | ५०० | छनौटको अन्तिम चरणमा रहेको। |
| क्लष्टरमा रैथानी बाली संरक्षण कार्यक्रम | ६०० | छनौटको अन्तिम चरणमा रहेको। |
| साना व्यवासायिक कृषि फार्म स्थापना तथा विस्तार | १०००० | छनौटको अन्तिम चरणमा रहेको। |

**१०.ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

प्रमुख
अधिकृत स्तर नवौं

- कार्यालय मार्फत संचालन हुने कार्यक्रमहरुका लागि आवश्यक ऐन, नियम, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय, गण्डकी प्रदेशद्वारा तर्जुमा हुन्छ। निर्माण भएका कानुन molmac.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**११.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अद्यावधिक विवरण:**

| बजेट शिर्षक | वार्षिक बजेट (,०००) | खर्च (,०००) | वित्तिय प्रगति |
|---|---|---|---|
| पूजिगत | ८५६५ | २५२५ | २९.४ |
| चालु | ५२३४७ | ६९५५ | ९.६ |
| जम्मा | ६०९१२ | ९८४० | ११.७२ |

राजश्व संकलन विवरण: संकलन नभएको।-

**१२. सूचना अधिकारीको व्यवस्था (बमोजिम ६दफा ):**

प्रमुखको नाम: शालिकराम अधिकारी

पद: वरिष्ठ बाली संरक्षण अधिकृत

सम्पर्क न: ९८५६०२८४४४

सूचना अधिकारीको नाम: मञ्जु अधिकारी

पद: बागवानी विकास अधिकृत

सम्पर्क नं.: ९८५६००१३४४

**१३.सूचनाको हक सम्बन्धि नियमावली को नियम ३ ले निर्देश गरेअनुसार देहायबमोजिम व्यवस्था गरिएको छ:**

- चालु आ.व. मा संचालन हुने कार्यक्रमहरुको विवरण वेभसाइटमा प्रकाशन गरिएको।
- अघिल्लो आ.व. मा संचालन भएका कार्यक्रमहरुको वार्षिक प्रगति विवरण वेभसाइटमा प्रकाशन गरिएको।
- कार्यालयमा पेश भएको सूचना माग सम्वन्धि निवेदनहरु लिखित रुपमा पेश नभएको। मौखिक रुपमा सूचना तथा अन्य विवरणहरुको बारेमा जानकारी नियमित रुपमा गराइरहेको।
- कार्यालयले सम्पादन गर्ने कार्यक्रमहरुको प्रस्ताव आव्हानको लागि रेडियो, पत्रपत्रिका तथा वेभसाइटमा सूचना प्रकाशन गरिरहेको।

प्रमुख
अधिकृत स्तर नवौं